(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र

सूचनाको हक सम्बन्धि नियमावली, २०६५ कोनियम ३ अनुसार प्रकाशित)

# कोसीहरैँचा नगरपालिका कार्यालयको

## संक्षिप्त जानकारीमूलक पुस्तिका

## मङ्सिर, २०७२




**कोसीहरैँचा नगरपालिका कार्यालय**

**नगर सूचना केन्द्र**, कोसीहरैँचा, मोरङ

फोनः- ०२१-५४५७२७,५४५०५०

**Website:** www.koshiharainchamun.gov.np

(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र
सूचनाको हक सम्बन्धि नियमावली, २०६५ कोनियम ३ अनुसार प्रकाशित)

# कोसीहरैँचा नगरपालिका कार्यालयको

## संक्षिप्त जानकारीमूलक पुस्तिका

## मङ्सिर, २०७२


**कोसीहरैँचा नगरपालिका कार्यालय**

**नगर सूचना केन्द्र**, कोसीहरैँचा, मोरङ

फोनः- ०२१-५४५७२७,५४५०५०

**Website: www.koshiharainchamun.gov.np**

# हाम्रो भनाई

कोसीहरैँचा नगरपालिका कार्यालय सम्बन्धि तथ्यांक, अभिलेख एवं विविध सूचनाहरु एकिकृत गरि सार्वजनिक जानकारी गराउने उद्धेश्यले तयार गरिएको नगरपालिकाको परिचय पुस्तिका प्रकाशमा ल्याइएको छ। सुशासन तथा सूचनाको हक लगायतका विशेष ऐन नियमहरुबाट सबै सार्वजनिक निकायहरुले जनसरोकारका सूचनाहरु आम नागरिकहरुको पहुँचमा पुर्याउनु पर्ने गरी नेपाल सरकारले गरेको कानुनी व्यवस्था अनुरुप जनसरोकारका सार्वजनिक सूचनाहरु पारदर्शी गराउने गहन जिम्मेवारी नगरपालिकामा रहेको छ। यसै जिम्मेवारीको निर्वाह गर्ने क्रममा नगरपालिकाको कार्यक्षेत्रमा रहेका तथ्यांक तथा सूचनाहरु बढी सान्दर्भिक, उपयोगी र व्यवस्थित तवरले सम्बन्धित सबैको जानकारीमा ल्याउने प्रयास यस पुस्तिकामा गरिएको छ।

स्थानीय स्वायत्त शासनको माध्यमबाट जनताको जीवनस्तरमा सुधार ल्याउने मान्यता अनुरुप यस नगर क्षेत्रका जनताको सहभागितामा विकास, स्वशासन र शसक्तिकरण लगायतका कार्यहरु कुशलतापुर्वक सम्पादन गर्नुपर्ने जिम्मेवारी यस नगरपालिकालाई सुम्पिएको छ। नगरपालिकाका यिनै विषय बस्तुको बारेमा सार्वजनिक जानकारी होस भन्ने हेतुले यस पुस्तिकामा नगरपालिका गठनको ऐतीहासिक पृष्ठभूमि, सांगठनिक स्वरूप, दिर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, नीतिका साथै नगरपालिकाबाट प्राप्त हुने सेवा सुबिधा सम्बन्धि जानकारीहरु संक्षेपमा उल्लेख गरिएको छ। परिचय पुस्तिकामा नगरपालिकाको कार्यक्षेत्र संग सम्बद्ध ऐन, नियम विनिम, आदेश, निर्देश, संचालन कार्यविधि, नीति तथा नेपाल सरकारका संबन्धित निर्णय तथा परिपत्रको सन्दर्भ सूची समेत संग्रहित गरिएको छ।

यस पुस्तिकामा रहेका जानकारिहरुले सार्वजनिक निकायको विवरण सार्वजनिक गरि पारदर्शिता र उत्तरदायित्व वहन गर्ने दायित्व पुरा गर्ने पक्ष त छदैछ, साथै नगरपालिका र अन्तर्गतका पदाधिकारी र कर्मचारीहरुलाई सन्दर्भ सूचनाहरु उपलब्ध गराई कार्य सम्पादनमा सहजता ल्याउने उद्धेश्य राखिएको छ । साथै उपलब्ध सूचनाहरु नगरपालिकासंग सम्बद्ध आम नागरिक, जनप्रतिनिधि, सेवाग्राहीहरु, विकासका साझेदारहरु र नगरपालिकाको विकास सम्बन्धि अध्ययन, अनुसन्धान र जानकारी राख्नेका लागि पनि उत्तिकै उपयोगी हुने अपेक्षा राखिएको छ।

यस पुस्तिका प्रकाशन एवं व्यस्थापनको लागि सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक आभार व्यक्त गर्दै प्रकाशित सूचनाहरु अझ बढी व्यस्थित, परिमार्जित, सान्दर्भिक र उपयोगी बनाउदै लैजान सबैबाट रचनात्मक सुझावहरु प्राप्त हुने अपेक्षा गरिएको छ।